SANCHARIKA SAMUHA
WOMEN COMMUNICATORS' FORUM
Sancharika Samuha
FORUM OF WOMEN JOURNALISTS AND COMMUNICATORS
Promoting Communication for Equality

११ फागुन, २०७२

**प्रेस विज्ञप्ति : सञ्चार अनुगमन**

सञ्चारिका समूह नेपालले एक महिना (१- २९ माघ, २०७२) मा १५ वटा राष्ट्रिय दैनिकमा गरेको सञ्चार अनुगमनले १० जना किशोरी तथा महिलाको बलात्कार भएको देखाएको छ । अनुगमन अवधिमा बलात्कारसम्बन्धी ३३ वटा समाचार सामग्री प्रकाशित भएका थिए ।

अनुगमनमा खेलकुद र मनोरञ्जनसम्बन्धी समाचारबाहेक दैनिक पत्रिकाका समाचार, विचार तथा सम्पादकीय सामग्री समेटिएको थियो । यसमा राजधानीबाट प्रकाशित कान्तिपुर, नागरिक, नयाँ पत्रिका, गोरखापत्र, हिमालय टाइम्स्, कारोबार, राजधानी, अन्नपूर्ण पोष्ट, नेपाल समाचारपत्र, कमाण्डर पोष्ट, सौर्य दैनिक, नेपाली दैनिक तथा द काठमाण्डु पोष्ट, रिपब्लिका, द हिमालयन टाइम्स, र द राइजिङ नेपाल अंग्रेजी दैनिकहरूसमेटिएका थिए ।

महिलामाथि हुने विभिन्न प्रकारका हिंसालाई १३ वटा शीर्षकमा अनुगमन गरिएको थियो, जसमा बलात्कार, यौन दुर्व्यवहार, घरेलु हिंसा, दाइजो, मानव बेचविखन, हत्या, बहुविवाह, बोक्सी, परम्परागत तथा धार्मिक हिंसा, आर्थिक, स्वास्थ्यसम्बन्धी, राजनीतिक र अन्य थिए ।

माघ महिनामा हत्याका ४ वटा घटना भएका थिए र हत्यासम्बन्धी ४२ वटा समाचार सामग्री प्रकाशित भएका थिए । यौन दुर्व्यवहारको १ वटा घटना भएको थियो र ८ वटा समाचार सामग्री प्रकाशित भएका थिए । स्वास्थ्य अधिकार हनन्का १ वटा घटना थिए र ५० वटा समाचार सामग्री प्रकाशित भएका थिए । आर्थिक अधिकारसँग सम्बन्धित १ वटा घटना थिए र ४९ वटा समाचार, विचार तषा सम्पादकीय छापिएका थिए । यस अवधिमा मानव बेचबिखनसम्बन्धी ४९ र राजनितिक अधिकार हननसम्बन्धी ९ समाचार, विचार तथा सम्पादकीय छापिएको देखिन्छ । त्यस्तै परम्परागत र धार्मिक हिंसासम्बन्धी १८ वटा समाचार सामग्री प्रकाशित थिए । बोक्सी आरोपका ४ वटा समाचार सामग्री र १ वटा घटना प्रकाशित भएका थिए। घरेलु हिंसासम्बन्धी १६ वटा समाचार सामग्री र ४ वटा घटना प्रकाशित भएका थिए । त्यस्तै बहुबिवाहसम्बन्धी ३ वटा समाचार सामग्री प्रकाशित भएका थिए । यो महिना दाईजोसम्बन्धी १ वटा समाचार सामग्री मात्रै प्रकाशित भएकौ थियो।

महिला हिंसासम्बन्धी सबैभन्दा बढी समाचार भित्री पृष्ठमा छापिएका थिए । पहिलो पृष्ठमा निकै नै कम जम्मा ११ वटा समाचार छापिएका थिए । पृष्ठमा ५ मा जम्मा ४८ समाचार छापिएका थिए । पृष्ठ २ र ४ मा ३७ वटा समाचार छापिएका थिए । महिला हिंसासम्बन्धी समाचारको स्थान सन्तोषजनक थियो । अनुगमनले महिलामाथि हिंसा गर्नेमा, परिवारका सदस्य (१३), राज्य (१) र अन्य (३२) भएको देखाएको छ । सो अवधिमा महिला हिंसासम्बन्धी सम्पादकीय १, फोटो समाचार १५, लेख २०, सफ्ट न्यूज ५५ तथा हार्ड न्यूज १९७ प्रकाशित थिए । प्रकाशित समाचार मध्ये हार्ड न्यूज २१, सफ्ट न्यूज ३३ र ११ वटा लेखमा मात्र फोटो/स्केच प्रयोग गरिएको थियो ।

सञ्चारमाध्यमले महिला हिंसासम्बन्धी समाचारलाई स्थान दिने गरेको छ । यस पटक हत्याका ६ वटा र घरेलु हिसांका १ वटा ‘फलोअप’ समाचार थिए । ‘हार्ड न्यूज’ मा फोटोको प्रयोग कम (२१) पाइएको छ र समाचार सामाग्रीमा पीडित वा पीडक कसको तस्बिर राख्ने भन्नेमा यस अघि झै सम्पादकीय दृष्टिकोणको अभाव नै देखिन्छ । यस महिना पीडितका १४ वटा तस्बिर छापिएका थिए भने पीडकको ३ वटा तस्बिर छापिएको देखिन्छ ।

सञ्चारिका समूहले सञ्चारमाध्यममा महिला हिंसाका समाचार कति आएका छन् ? ती समाचारले कस्तो प्राथमिकता पाइरहेका छन् ? हिंसाका समाचारमा ‘फलोअप’ समाचार आएका छन् कि छैनन् ? समाजमा के कस्ता लैंगिक हिंसा भइरहेका छन् र ती सम्बन्धमा कस्ता समाचार सामग्री आइरहेका छन् भनेर सञ्चार अनुगमन गर्दैआएको छ ।

बिमला तुम्खेवा,
सचिव,
सञ्चारिका समूह ।

P.O. Box 13293, Kathmandu, Nepal Phone: 977-1-5530192, 5551182, Fax: 977-1-5551182 Email: sancharika@wlink.com.np
Website: www.sancharika.org